

के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । 100% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क २६१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० असोज १५ गते सोमबार ❑ 2 Oct. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## डाक्टर माथि हातपात गर्नेलाई कार्वाही गर्नुपर्छः मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
पोखरा, १४ असोज

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले डाक्टर माथि हातपात गर्ने माथि कडा कार्वाही गर्नुपर्ने बताउनु भयो ।

आइतबार पोखरामा आयोजना भएको गण्डकी प्रदेश स्तरीय स्वास्थ्यको बार्षिक समिक्षा कार्यक्रममा वोल्दै मुख्यमन्त्री पाण्डेले डाक्टर माथि नै हातपात गरी अपराधि गतिविधि गर्नेहरु माथि कार्वाही गर्नुपर्नेमा जोड दिनु भएको हो । ।

अस्पताल जस्तो संवेदनशिल क्षेत्रमा होहल्ला गरि अस्पताल माथि तोडफोड गर्ने अनि अस्पताल प्रशासनसँग रकम अशुल्न खोज्ने नराम्रो संस्कारको विकास भएको उहाँको भनाई थियो । पछिल्लो समयमा स्वास्थ्य क्षेत्रमा केही उक्षङ्खल हुन थालेको बताउदै मुख्यमन्त्री पाण्डेले डाक्टर कुटपिट गर्ने बिषयमा प्रदेश सरकारले कुनै क्षमा दिन नसक्ने कानूनी कार्वाही नै गराउनुपर्नेमा जोड दिनु भयो । उहाँले भन्नुभयो "मेरो डाक्टरहरुलाई के अनुरोध छ भने केही उत्तेजित युवा समुहले गरेका घटनाले गर्दा अब नेपालमा डाक्टर बस्नै सक्दैनन, नेपालमा बस्नुको औचित्य छैन, त्यसैले सबै जना विदेशीनु पर्छ भन्नु गलत मनसायले यहाँ षड्यन्त्र सुरु भएको छ ।" नेपालमा केही हुदैन भन्दै नेपालमा केही गर्न नचाहनेहरुको लागि यस्ता अभिव्यक्तिले थप बल पुगेको उहाँको भनाई थियो । मानविय सेवामाको भावले



लागेका डाक्टरलाई अहिलेको छुटपुट घटनाले गर्दा नबहकिन मुख्यमन्त्री पाण्डेले आग्रह समेत गर्नु भएको छ । मुख्यमन्त्री पाण्डेले भन्नु भयो "सबैको सुरक्षाको जिम्मा सरकारको हो, हामीले लिन्छौ, आफ्ना बिरामीको मृत्यु भए पछि अस्पतालमा होहल्ला गर्ने, क्षतिपुर्ति माग गर्ने जस्ता कृयाकलापबाट अब हामी सचेत हुनुपर्छ ।" करको दायरा बढाउन लागेको बताउदै उहाँले ढलेका रूख र दाउरा संकलन गर्न खोज्दा समस्या भएको बताउनु भयो । उक्त क्षेत्रबाट करिब ४० देखि ५० लाख राजश्व संकलन हुने उहाँले दाबी गर्नु भयो । केन्द्र सरकारसंग १५ वटा डायलसिस मेसिन माग गरेको हालसम्म नआएको उहाँले गुनासो गर्नु भयो ।

प्रदेशसंग भएको सिमित श्रोत साधनलाई अधिक रूपमा परिचालन गर्न कर्मचारीलाई मुख्यमन्त्री पाण्डेले निर्देश दिनु भयो । प्रदेशकी सामाजिक बिकास तथा स्वास्थ्य मन्त्री शुसिला सिंखडाले स्वास्थ्य क्षेत्रमा जनशक्ति अभाव भएकोले त्यसको पदपूर्ति गर्न सरकार लाग्ने बताउनुभयो । प्रदेशमा हाल डेंगु रोग शक्रमण बढ्दो रूपमा रहेको उल्लेख गर्दै उहाँले यसको तनहुँमा केन्द्रीत बढी संक्रमण बढेको दाबी गर्नु भयो । हाल बागलुङबाट जनरल बेडमा निशुल्क सेवा सुरू भएको बताउदै उहाँले प्रदेशका ११ जिल्ला अस्पतालमा निशुल्क जनरल वेडको व्याबस्था गर्ने बताउनु भयो ।

गण्डकी प्रदेशका प्रमुख सचिव लक्ष्मीकुमारी बस्नेतले प्रदेशमा दैनिक २ जनाको आत्महत्या हुने गरेकोले यसमा सचेतना आवश्यक भएको बताउनु भयो । सुत्केरी, गम्भीर बिरामीहरूको लागि हेलिकोप्टर अत्यावश्यक सेवालाई समेत प्रभावकारी बनाउनु पर्ने उहाँले बताउनु भयो । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका स्वास्थ्य प्रशासक डा.एदुचन्द्र घिमिरेले नेपालमा स्वास्थ्य क्षेत्रमा धेरै सुधार गर्नुपर्ने बताउनुभयो । प्रदेशका स्वास्थ्य निर्देशनालयका महानिर्देशक डा. खिमबहादुर खड्काले स्वास्थ्य कार्यालयका भवन निर्माण सुरू हुँदै गरेको बताउनु भयो । केही भवन अधुरा भएको उल्लेख्य गर्दै बिशेषज्ञ जनशक्ति आवश्यक भएको उहाँले बताउनु भयो । प्रदेशमा मातृशिशु मृत्युदर उच्च रहेकोले यसलाई न्यूनिकरण गर्न एयर एम्बुलेन्स आवश्यक भएको उहाँको भनाई थियो ।

सामाजिक तथा स्वास्थ्य मन्त्रालयका सचिव डा. बिनोदविन्दु शर्माले जनस्वास्थ्यको क्षेत्रमा बिशेष ध्यान दिनुपर्ने उहाँले बताउनुभयो । अझै २६ प्रतिशत कर्मचारी पदपूर्ति नभएको उहाँले बताउनु भयो । पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका निर्देशक डा. भरतबहादुर खत्रीले अस्पतालको काम र जिम्मेवार वाडफाँड हुनुपर्ने बताउनुभयो । अझै ४० प्रतिशत आधारभूत सेवामा लाग्नु परेको उहाँले बताउनुभयो । नर्सिङ क्याम्पस पोखराका प्रमुख गिता ताम्राकारले क्याम्पसले हरेक बर्ष स्नातक र स्नातकोत्तरमा एक सय जना उत्पादन गर्ने बताउनुभयो ।

कार्यक्रममा प्रदेश स्वास्थ्य निर्देशनालयका बरिष्ठ स्वास्थ्य शिक्षा प्रशाशक हेमन्त शर्मा पौडेल, प्रदेश स्वास्थ्य आपूर्ति व्यावस्थापन केन्द्रका महानिर्देशक डा. राजेन्द्रप्रसाद रिजाल, प्रदेश जनस्वास्थ्य प्रयोगशालाका निर्देशक मनमोहन मिश्र, प्रदेश स्वास्थ्य तालिम केन्द्रका निमित्त महानिर्देशक रमेशप्रसाद अधिकारी, क्षयरोग उपचार केन्द्र पोखराका निमित्त निर्देशक अरूणकुमार झा लगायतले आ-आफ्नो कार्यालयको प्रगती विवरण पेश गर्नु भएको थियो ।

## एमाले गण्डकीको प्रथम अधिवेशनको तयारी पुरा

**पोखरापत्र संवाददाता**
पोखरा, १४ असोज

नेकपा (एमाले)को गण्डकी प्रदेशको प्रथम अधिवेशनको सम्पुर्ण तयारी पूरा भएको छ । अधिवेशनका लागि प्रदेशका एघार जिल्लाबाट नौसय सात प्रतिनिधि छनोट भएका छन् ।

एमाले गण्डकीले आइतबार पत्रकार सम्मेलन गरी प्रदेश अधिवेशनको तयारीबारे जानकारी दिएको हो । सोमबारदेखि सुरु हुने अधिवेशन एमाले अध्यक्ष एवम् पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीले उद्घाटन गर्ने कार्यक्रम छ । एमाले गण्डकी इन्चार्ज गोकर्ण विष्टले कास्कीबाट सबैभन्दा धेरै एकसय ४६ र मनाङबाट सबैभन्दा कम १४ प्रतिनिधि अधिवेशनमा सहभागी हुने जानकारी दिए । ईन्चार्ज विष्टले आन्तरिक जनवादको अभ्यास गर्दै यथाशक्य



सहमतिबाट नेतृत्व चयन गर्ने र त्यो सम्भव नभए लोकतान्त्रिक अभ्यास हुने जानकारी दिए । हामी यथाशक्य सहमतिमै नेतृत्व चुन्छौं ।

कथमकदाचित त्यसो हुन नसके स्वच्छ प्रतिस्पर्धाबाट नेतृत्व चुनिन्छ ईन्चार्ज विष्टको विश्वास छ । प्यानल बनाएर चुनाव लड्ने अवस्था आउँदैन र त्यस्तो छुट पनि हुनेछैन ।" हजारौं कार्यकर्ता भएको पार्टीमा आकांक्षीको संख्या धेरै हुनु स्वाभाविक भएको उनको टिप्पणी छ । एमाले गण्डकी अध्यक्ष नवराज शर्माले अहिले पाँचसय ४९ सदस्यीय कमिटी रहेको र अधिवेशनले एक सय ६५ सदस्यीय कमिटी चुन्ने जानकारी दिए । १६ गते बेलुकाबाट निर्वाचन प्रक्रिया थाल्ने र सम्भवतः १७ गते बेलुकासम्म नयाँ नेतृत्व चुनिने शर्माको भनाइ छ । कास्कीको रुपा गाउँपालिका बाहेक प्रदेशका ८४ स्थानीय तहमा सर्वसम्मत प्रतिनिधि चयन भएको एमाले गण्डकीले जनाएको छ ।

## पोखरामा दुई सय ९२ जना पथप्रदर्शक थपिए

**पोखरापत्र संवाददाता**
पोखरा, १४ असोज

ट्रेकिङ एजेन्सिज एशोसिएसन अफ नेपाल (टान) गण्डकी प्रदेशको आयोजना एवं नेपाल एकेडेमी अफ टुरिज्म एण्ड होटल म्यानेजमेन्ट (नाथम)को प्राविधिक सहकार्यमा गरिएको छहप्ते तालिमबाट पोखरामा दुई सय ९२ जना पथप्रदर्शक थपिएका छन् ।

पदयात्रा पर्यटनलाई व्यवस्थित एवं प्रभावकारी बनाउने उद्देश्यका साथ गरिएको तालिममा आवश्यक मापदण्ड पूरा गरी अन्तवार्तामार्फत छनोट भएका दुई सय ९८ जना सहभागी भएकामा परीक्षा उत्तीर्ण गरी दुई सय ९२ जनाले प्रमाणपत्र प्राप्त गरेको टान गण्डकीका अध्यक्ष धर्मराज पन्थीले जानकारी दिनुभयो ।

सन् १९९८ देखि टान गण्डकीले विभिन्न समयमा गरी करिब एक हजार नौ सयलाई तालिम प्रदान गरिसकेको उहाँले बताउनुभयो । देशको राजनीतिक उथलपुथल, प्राकृतिक प्रकोपसँगै कोरोना महामारीलगायतका कारण पदयात्रा पर्यटन क्षेत्रका मजदुर पलायन हुँदै गएका अवस्थामा गरिएको तालिम र थपिएका पदयात्रा पथप्रदर्शकबाट पोखरालाई आधार बनाएर गरिने पदयात्रासँगै समग्र नेपालको पदयात्रामा महत्त्वपूर्ण सहयोग पुने विश्वास लिइएको उहाँले बताउनुभयो ।

पोखरा आसपासका क्षेत्रमा विश्वकै १० उत्कृष्टमध्येको अन्नपूर्ण चक्रीय पदमार्ग, अन्नपूर्ण आधार शिविर पदमार्ग, मर्दी हिमाल पदमार्ग, धवलागिरि चक्रीय पदमार्ग, सहस्राब्दी (मिलेनियम) पदमार्ग, पुनहिललगायतमा पछिल्लो समयमा पदयात्रा पर्यटनतर्फ आकर्षण बढिरहेको छ ।

## पोखराका ज्येष्ठ नागरिकलाई 'महानगर माता/पिता' सम्मान

**पोखरापत्र संवाददाता**
पोखरा, १४ असोज

अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवसका अवसरमा पोखरा महानगरपालिकाले आइतबार महानगरका दुई ज्येष्ठ नागरिकलाई 'महानगर माता' र 'महानगर पिता'को उपाधिबाट सम्मान गरेको छ ।

महानगरले वडा नं ७ की एक सय पाँच वर्षीय इन्द्रकला गौतमलाई महानगर माता र वडा नं २६ का एक सय तीन वर्षीय प्रजापति पोखरेललाई महानगर पिताबाट सम्मान गरेको हो ।

गौतमलाई उपप्रमुख मञ्जुदेवी गुरुङ र वडा नं ७ का अध्यक्ष राममोहन आचार्यले सम्मान गर्नुभएको हो । त्यसैगरी पोखरेललाई सोही वडाका वडाध्यक्ष नरेन्द्र थापाले सम्मान प्रदान गर्नुभयो । दुवै जनालाई महानगरले जनही रु १५ हजार नगद, दोसल्ला र सम्मानपत्रले सम्मान गरेको हो । गौतम र पोखरेल यस वर्ष महानगरको सबैभन्दा बढी उमेरका ज्येष्ठ नागरिक हुनुहुन्छ । महानगरपालिकाले प्रत्येक वर्ष ज्येष्ठ नगरवासीमध्ये दुई जनालाई महानगर माता पिता घोषणासहित सम्मान गर्दै आएको छ । कार्यक्रममा उपप्रमुख गुरुङले महानगरका ज्येष्ठ नागरिकलाई सम्मान गर्न पाउँदा खुसी लागेको बताउनुभयो । उहाँले ज्येष्ठ नागरिक जिउँदो इतिहास भएको बताउँदै भन्नुभयो, "ज्येष्ठ नागरिक हाम्रा भगवान् हुन् । त्यसैले उहाँहरूको सम्मान गर्नुपर्छ ।" ज्येष्ठ नागरिकलाई माया, सद्भाव र सम्मान गनुपर्छ भन्ने उद्देश्यले महानगरले माता पिता सम्मान कार्यक्रम ल्याएको उपप्रमुखले बताउनुभयो । उहाँले पाका उमेरका नागरिकका ज्ञान, सीप र क्षमतालाई नयाँ पुस्ताले अनुसरण गर्नुपर्नेमा जोड दिनुभयो ।

यसैगरी महानगर पिताको सम्मान प्रदान गर्दै पोखरा–२६ का वडाध्यक्ष थापाले ज्येष्ठ नागरिकका ज्ञान र सीपलाई पुस्तान्तरण गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले भन्नुभयो, "स्वस्थ जीवन शैली, खानपान, रहनसहनले शताब्दीसम्म स्वस्थ भएर बाँच्ने सकिने सन्देश सम्मानित व्यक्ति पोखरेलबाट प्राप्त भएको छ ।" पोखरा महानगरपालिका सामाजिक विकास महाशाखा प्रमुख निर्मला शर्माले महानगरले वार्षिकरूपमा नगरपिता र नगरमाताका रूपमा ज्येष्ठ नागरिकलाई सम्मान गर्दै आएको बताउनुभयो । यसपटक ज्येष्ठ नागरिकको घरदैलोमा पुगेर महानगरपिता र मातालाई सम्मान गरिएको बताउनुभयो ।

कार्यक्रममा सम्मानित पोखरेलले महानगरपालिकाबाट प्राप्त नगद रु १५ हजारमा रु पाँच हजार एक सय चार थप गरी वडाको सक्नेरीमा रहेको ज्येष्ठ नागरिक दिवा सेवा केन्द्रलाई प्रदान गर्नुभएको थियो । महानगरपिताका रूपमा सम्मानित पोखरेलका चार छोरा र तीन छोरीबाट समेत गरी ५२ सन्तान रहेका छन् ।

## पोखरामा 'अस्फाल्ट' प्रविधिमा सडक कालोपत्र सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, १४ असोज

पर्यटकीय सहर पोखराको मुख्य बजार क्षेत्र महेन्द्र पुलबाट पृथ्वीचोकसम्मको सडक 'अस्फाल्ट' प्रविधिमा कालोपत्र गर्न सुरु गरिएको छ ।

पहिलो चरणमा महेन्द्र पुलबाट नयाँबजार हुँदै पृथ्वीचोकसम्मको डेढ किमी सडकमा अस्फाल्ट कालोपत्रको काम सुरु भएको छ । सङ्घीय सरकार मातहतको सडक डिभिजन कार्यालय पोखराले काम अघि बढाएको हो । अस्फाल्ट प्रविधिबाट निर्मित सडक टिकाउ हुने बताइन्छ । अमेरिकी प्रविधि अस्फाल्ट बलियो, महँगो र टिकाउ मानिन्छ । अस्फाल्ट पिच गर्दा चार सेमी मोटाइको पिच हुनुपर्दछ । स्थान हेरिकन चारदेखि १० सेमीसम्मको मोटाइएको पक्की हुने सडक डिभिजन कार्यालय पोखराका ओभरसियर रमेशराज पौडेलले बताउनुभयो । उहाँका अनुसार डेढ किमी सडक अस्फाल्ट गर्नका लागि रु पाँच करोडमा ठेक्का सम्झौता भएको छ । सडक अस्फाल्ट गर्ने कामको जिम्मेवारी विवेक एण्ड कुवेर निर्माण सेवाले पाएको छ । बर्खाले काममा अवरोध नभएको खण्डमा १० दिनमा सबै काम सम्पन्न हुने बताइन्छ । "अस्फाल्ट प्रविधिको कालोपत्र सडक बढी टिकाउ हुन्छ । यातायातको बढी चाप हुने र


बाँकी अन्तिम पृष्ठमा ▶▶



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# विष्ट मिस्टर योगी बन्दा ढकाल मिस योगिनी

**पोखरापत्र संवाददाता**
पोखरा, १४ असोज

सुदुर पश्चिम प्रदेशका रोशन विष्ट मिस्टर योगी बन्न सफल हुनु भयो भने महिला तर्फ बागमती प्रदेशकी विशिका ढकाल मिस योगिनी बन्न सफल हुनु भएको छ।

नेकोस खेलकुद महोत्सव २०८० अन्तर्गत आइतबार पोखरामा सम्पन्न भएको योगखेलको प्रतिष्र्धामा विष्ट र ढकालले उत्कृष्ट योग खेल प्रर्दशन सहित उक्त उपाधि हात पार्न सफल हुनु भएको हो।

सात प्रदेशबाट सहभागी ४९ योग खेलका खेलाडीहरुमध्ये पुरुषतर्फ विष्ट र महिला तर्फ ढकाल उत्कृष्ट हुदै उक्त उपाधिको साथमा जनही नगद ६ हजार साथमा प्रमाणपत्र प्राप्त गर्नु भएको गण्डकी नेकोशका अध्यक्ष नवराज अधिकारीले बताउनु भयो।

त्यसै गरी १५ देखि २५ बर्ष उमेर समुहमा सुदुर पश्चिम प्रदेशका रोशन विष्ट प्रथम, बागमती प्रदेशका भरत कुमार दोश्रो हुनु भयो भने बागमती प्रदेशकै मनिश श्रेष्ठ तेश्रो हुनु भयो। सोही इभेण्टमा महिला तर्फ बागमती प्रदेशकी विशिका ढकाल प्रथम, कोशी प्रदेशकी चादनी दर्जी दोश्रो र



सुदुर पश्चिम प्रदेशकी पुष्पा नाथ तेश्रो हुनु भयो। १५ बर्ष मुनिका खेलाडीहरु सहभागि पुरुष तर्फको प्रतिष्र्धामा कोशी प्रदेशका किरन मगर प्रथम हुनु भएको छ भने मधेश प्रदेशका शिब यादब द्वितिय, बागमती प्रदेशबाट अभि खत्रि तेश्रो हुनु भयो। सोही इभेण्टमा महिला तर्फ मधेश प्रदेशकी स्वईच्छा थापा प्रथम, मधेश प्रदेशकै प्रज्ञा गौतम दोश्रो र बागमती प्रदेशकी संचिता बाटी तेश्रो हुनु भयो।

२५ देखि ३९ बर्ष उमेर समुहमा गण्डकी प्रदेशका नीलकण्ठ लामिछाने प्रथम, अन्तर्गत प्रथम, बागमती प्रदेशका सन्दीप महर्जन दोश्रो र कोशी प्रदेशका मोहन पौडेल तेश्रो हुनु भएको हो। सोही इभेण्टमा महिला तर्फ मधेश प्रदेशकी सोनु खडका प्रथम, गण्डकी प्रदेशकी रेनुका खडका र बागमती प्रदेशकी सुनिता पताकोटी तेश्रो हुनु भयो। त्यसै गरी ४० वर्ष उमेर माथीको प्रतिष्र्धामा बागमती प्रदेशका राज कुमार ओडारी प्रथम, कोशी प्रदेशका बलराम ढुंगाना दोश्रो र गण्डकी प्रदेशका कमल नाथ लम्साल तेश्रो हुनु भयो। सोही इभेण्टको महिला तर्फ बागमती प्रदेशकी रविना शाक्य प्रथम, गण्डकी प्रदेशकी कमला गुरुङ दोश्रो र मधेश प्रदेशकी नारायणी रेग्मी तेश्रो हुनु भयो। हरेक समुहमा प्रहिलो, दोस्रो र तेस्रो हुनले क्रमशः ३ हजार, २ हजार र १ हजार नगद प्राप्त गर्नु भएको केन्द्रिय सदस्य पुष्कर राज पन्तले बताउनु भयो। प्रतियोगितामा विजेता खेलाडीहरुलाईनेकोसका केन्द्रिय अध्यक्ष तथा पुर्व राखेपका सदस्य सचिव केशब कुमार विष्ट, पोखरा महानगरपालिकाका मेयर धनराज आचार्य, सल्लाहकार खडक रानाभाट, नेपाल योग खेलकुद संघका अध्यक्ष प्रो.सूर्य बहादुर कार्की, उपाध्यक्ष डा. दिपा पाण्डेय, डाक्टर आनन्द गैरे, महासचिव चुडामणि खरेल, पोखरा महानगर व्यावसायीक प्रबर्द्धनका प्रमुख कार्यकारी अधिकृत नवराज अधिकारी लगायतले पुरस्कार वितरण गर्नु भएको थियो।

नेपाल खेलकुद महासंघ समाजबादीको आयोजनामा असोज १३ देखि २३ गतेसम्म नेकोस च्याम्पियनशिप तथा खेलकुद महोत्सव २०८० अन्तर्गत पोखरामा दुई दिन योगखेल र स्कोरबार्डको राष्ट्रिय प्रतियोगिता भएको हो। नेकोसको आयोजना तथा नेपाल योग खेलकुद संघको प्राविधिक सहयोगमा आइतबार पोखरामा सम्पन्न भएको उक्त प्रतियोगितामा सात प्रदेशका २५ महिला तथा २४ पुरुष गरी ४९ योग खेलका खेलाडीहरु सहभागी रहेको महासंघले जनाएको छ। उक्त महोत्सवको शनिबार देखि पोखरामा सुरु भएको हो। स्केटबोर्डको खेल समेत पोखरामा भएको हो।

# ठूलाडिही-पोखरा सम्पर्क मञ्चको कौसी खेती प्रशिक्षण

**पोखरापत्र संवाददाता**
पोखरा, १४ असोज

ठूलाडिही-पोखरा सम्पर्क मञ्चको वार्षिक कार्यक्रम अन्तर्गत एकदिने कौसी खेती प्रशिक्षण सम्पन्न भएको छ।

कार्यक्रममा ठूलाडिहीबाट पोखरामा आई बसोबास गरेका मञ्चका साधारण तथा आजीवन सदस्यको उल्लेख्य सहभागिता रहेको थियो।

नेपाल सरकारका पूर्व उपसचिव वरिष्ठ बाली संरक्षण अधिकृत तथा बाली प्रयोगशाला प्रमुख धनबहादुर रानाले सहजीकरण गरेका थिए। प्रशिक्षक रानाले मौषम अनुसार कुन समयमा कुन र कस्ता खेती कसरी लगाउने बारेमा सहजिकरणका साथै बिरुवा उमार्ने विषयमा प्रयोगात्मक सहजीकरणसमेत गराएका थिए। मञ्चका अध्यक्ष



दुर्गा शाह बाबाले बजारको बसाइ हरेक हिसाबले खर्चिलो भएकाले घर वरपर त्यत्तिकै रहेको जग्गाको उपयोग गरेर खेती उत्पादन गर्नु स्वास्थ्यका लागि लाभदायक हुने भएकाले कार्यक्रम आयोजना गरिएको बताए। मञ्चका सचिव हरि नेपालले मञ्च सदा प्रभावकारी र व्यवहारोपयोगी कार्यक्रम सञ्चालनमा क्रियाशील रहने जनाउँदै सोही प्रकृतिका सुझाव दिनसमेत आग्रह गरेका थिए। कार्यक्रमका सहभागीले तालिम प्रभावकारी रहेकाले आगामी दिनमा पनि निरन्तरता दिनका लागि आह्वान गरेका थिए।

# नौ महिनामा भित्रिए आठ लाख पर्यटक

**रासस**
काठमाडौं, १४ असोज

अङ्ग्रेजी वर्ष सन् २०२३ को नौ महिनामा करिब आठ लाख विदेशी पर्यटक नेपाल भित्रिएका छन्।

अध्यागमन विभागलाई उद्धृत गर्दै नेपाल पर्यटन बोर्डले उपलब्ध गराएको तथ्याङ्कअनुसार वर्षको जनवरीदेखि सेप्टेम्बर महिनासम्म हवाई मार्ग भएर सात लाख ८२ हजार तीन सय ७२ पर्यटक भित्रिएका हुन्।

पछिल्लो सेप्टेम्बर महिनामा मात्रै ९१ हजार १२ पर्यटकले नेपाल भ्रमण गरेका छन्। अघिल्लो वर्ष सन् २०२२ को सोही अवधिमा ५८ हजार तीन सय १४ पर्यटक नेपाल भित्रिएका थिए। सन् २०१९ मा ९२ हजार छ सय चार पर्यटक नेपाल आएका थिए।

नेपालमा पर्यटकीय सिजन सुरु भएकाले अबका दिनमा विदेशी पर्यटक आगमन बढ्ने बोर्डको विश्वास छ। बोर्डका निर्देशक मणिराज लामिछानेले पछिल्ला महिनामा निरन्तर पर्यटक आगमन वृद्धि भइरहेकाले लक्ष्यमा पुग्न सहज हुने बताउनुभयो।

पछिल्लो पर्यटक आँकडा कोभिड-१९ पूर्वको पर्यटक आगमनको ९० दशमलव २८ प्रतिशत हो। सरकारले सन् २०२३ मा १० लाख विदेशी पर्यटक भित्र्याउने लक्ष्य लिएको छ।

सेप्टेम्बर महिनामा पनि सबैभन्दा बढी भारतबाट २८ हजार छ सय ४२, चीनबाट आठ हजार एक सय ७४, अमेरिकाबाट सात हजार तीन सय ६४, बङ्गलादेशबाट तीन हजार सात सय १६ पर्यटक नेपाल आएका छन्। यस्तै अष्ट्रेलियाबाट तीन हजार छ सय ८५, संयुक्त अधिराज्यबाट तीन हजार छ सय ४०, श्रीलङ्काबाट तीन हजार ११, जर्मनीबाट दुई हजार आठ सय ५२, दक्षिण कोरियाबाट दुई हजार १८ र इजरायलबाट एक हजार सात सय ३४ पर्यटक नेपाल भित्रिएका छन्।

# पोखरामा ...

पानी परिरहने पोखराजस्तो ठाउँमा यो प्रविधिको प्रयोग राम्रो मानिन्छ", उहाँले भन्नुभयो। अस्फाल्ट गरिएको सडक पाँचदेखि सात वर्षसम्म टिकाउ हुने बताइन्छ।

सडक डिभिजन कार्यालयले पोखराको विरौटाबाट पृथ्वीचोक र छोरेपाटनबाट विरौटासम्म पनि अस्फाल्टका लागि ठेक्का लगाए पनि बजेट अभावमा काम अघि बढेको छैन। पोखराका अन्य केही सडक पनि यसअघि अस्फाल्ट कालोपत्र गरिएको छ। गण्डकी प्रदेश सरकार र पोखरा महानगरपालिकाले पर्यटकीय क्षेत्र लेकसाइड, न्यूरोड, चिप्लेढुङ्गालगायतमा अस्फाल्ट कालोपत्र गरेका छन्। पोखराको जिरो किमीबाट विन्ध्यवासिनीसम्मको सडक पनि अस्फाल्ट प्रविधिबाट कालोपत्र गरिएको छ। सडक डिभिजन कार्यालयअन्तर्गत पोखरा बजार क्षेत्रको २७ किमी सडक जिम्मामा रहेको छ। यससँगै पृथ्वीराजमार्ग, सिद्धार्थराजमार्ग र पोखरा बाग्लुङ राजमार्गसमेत सडकको जिम्मामा छ।

# सरकारद्वारा उच्चस्तरीय आयोग गठन

**रासस**
काठमाडौं, १४ असोज

सरकारले सुन तस्करी प्रकरणमा छानबिन गर्न उच्च अदालतका पूर्वन्यायाधीश डिल्लीराम आचार्यको संयोजकत्वमा चार सदस्यीय छानबिन आयोग गठन गरेको छ।

आयोगको सदस्यमा किशोरजङ्ग कार्की, प्रेमराज जोशी र सहकुल थापा हुनुहुन्छ। आइतबार बसेको मन्त्रिपरिषद्को बैठकले तीन महिनाको समय दिएर आयोग गठन गरेको सरकारका प्रवक्ता एवम् सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्माले जानकारी दिनुभयो। "सुनको अवैध पैठारी तस्करीको नियन्त्रण गर्न सुझावसहितको प्रतिवेदन पेश गर्न जाँचबुझ आयोग गरिएको छ", उहाँले भन्नुभयो। आइतबार बिहान प्रधानमन्त्री निवास बालुवाटारमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' र प्रमुख प्रतिपक्षी दल (नेकपा) एमालेका अध्यक्ष केपी शर्मा ओलीबीच भएको छलफलपछि आयोग गठनको निर्णय गरिएको थियो। सुन तस्करी प्रकरणका सम्बन्धमा एमालेलगायतका दलले उच्चस्तरीय छानबिन आयोगको माग गर्दै आएकोमा गत भदौ ६ गते सरकार र राजनीतिक दलबीच असोज ५ सम्म उच्चस्तरीय छानबिन आयोग गठन गर्ने र सोही दिनदेखि आयोगले काम गर्ने सहमति भएको थियो। यसअघि आइतबार बिहान प्रधानमन्त्री दाहाल र एमाले अध्यक्ष ओलीबीच छलफल भएको थियो। उक्त छलफलपछि प्रधानमन्त्री दाहालले सत्तारुढ दलसँग पनि सो विषयमा छलफल गर्नुभएको थियो। छलफलमा संसद्मा प्रतिनिधित्व गर्ने राजनीतिक दलमध्ये राष्ट्रिय स्वतन्त्र पार्टीबाहेकको उपस्थिति थियो।

# पेट्रोलियम पदार्थको मूल्यवृद्धि फिर्ता

**रासस**
काठमाडौं, १४ असोज

नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्यवृद्धि आइतबार राति १२ बजेदेखि फिर्ता हुने जनाएको छ। निगमले आज सूचना प्रकाशन गर्दै सरकारले दिएको निर्देशनअनुसार मूल्यवृद्धि गर्ने निर्णय लागू हुने गरी फिर्ता गरिएको उल्लेख गरेको छ।

आइतबार बसेको मन्त्रिपरिषद् बैठकले निगमले पेट्रोलियम पदार्थमा गरेको मूल्यवृद्धि आसन्न चाडबाड र सर्वसाधारणको हितमा ध्यानमा राखी तत्काल फिर्ता लिन निर्देशन दिएको थियो। मूल्य स्थिरीकरण कोष तथा नेपाल सरकारबाट प्राप्त हुने रकमबाट समायोजन गर्ने गरी मूल्यवृद्धि गर्ने निर्णय फिर्ता लिइएको निगमका प्रवक्ता मनोजकुमार ठाकुरले जानकारी दिनुभयो। निगमले गए रातिदेखि लागू हुनेगरी पेट्रोलमा प्रतिलिटर रु दुई, डिजेल र मट्टितेलमा प्रतिलिटर रु छ तथा खाना पकाउने ग्यासमा प्रतिसिलिण्डर रु दुई सय १५ बढाउने निर्णय गरेको थियो।


## नागरिकको कर्तव्य पूरा गरौं, भ्रष्टाचार र अनियमितता बिरूद्धमा उजुरी गरौं।

◆ घुस लिने र दिने दुवै अपराधी हुन्।
◆ सार्वजनिक सम्पत्ति साझा सम्पत्ति भएकोले दुरुपयोग हुन नदिऔं।
◆ सदाचारीलाई सम्मान र पुरस्कृत गरौं, भ्रष्टाचारीलाई दण्ड र तिरस्कार गरौं।

**तसर्थ:**

◆ भ्रष्टाचार वा अनियमितता भएको वा हुन लागेको थाहा भएमा राष्ट्रिय सतर्कता केन्द्र, अख्तियार दुरुपयोग अनुसन्धान आयोग तथा सम्बन्धित निकायमा उजुरी दिऔं।
◆ विकास निर्माणका आयोजनाहरूमा प्राविधिक परीक्षण गराऔं।
◆ सार्वजनिक खरिद ऐन र नियमावली पालना गरी आयोजना सम्पन्न गराऔं।
◆ सुशासन र सदाचार पद्धति कायम राख्ने कार्यमा सहयोग गरौं।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**




## कपालको उपचार

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

**प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।**

**लक्षणहरु :**

» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने:**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

**महिलाहरुमा देखिने:**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता :** अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्वार सम्वन्धी रोग :** छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# वैकल्पिक सडक र बेलिब्रिजको सम्भाव्यता अध्ययन

**पोखरापत्र संवाददाता**
म्याग्दी, १४ असोज

म्याग्दीको 'लाइफलाइन' मानिएको बेनी-दरबाङ सडकको प्रमुख समस्या बनेको फापरखेतको पहिरोको विकल्पमा वैकल्पिक सडक र म्याग्दी नदीमा बेलिब्रिजको सम्भाव्यता अध्ययन गरिएको छ।

गण्डकी प्रदेश सरकारका भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्थामन्त्री रेशमबहादुर जुग्जालीको नेतृत्वमा पूर्वाधार विकास कार्यालयका प्रमुख विष्णुप्रसाद पौडेलसहित प्राविधिक र मङ्गला गाउँपालिका-३ का वडाअध्यक्ष यामबहादुर रोका लगायतको टोलीले शनिबार वैकल्पिक सडक र बेलिब्रिज निर्माणका लागि प्रस्तावित स्थानको अध्ययन गर्नुभएको हो।

मङ्गलाको वडा नं ३ पखेर लुलियाघाट र वडा नं २ मा पर्ने सिमलचौर जोड्ने म्याग्दी नदीमाथि बेलिब्रिज तथा पखेरदेखि लुलियाघाट र सिमलचौरको मूलसडक जोड्ने करिब एक किलोमिटर वैकल्पिक सडक निर्माण गर्न सकिने टोलीले निष्कर्ष निकालेको छ। बेनी नगरपालिका र मङ्गला गाउँपालिकाको सिमानामा पर्ने फापरखेतमा करिब १८ वर्षअघि सडकको मार्ग खोल्नु अघि देखिकै पहिरो नरोकिँदा धवलागिरि, मालिका र मङ्गला गाउँपालिकालाई जिल्ला सदरमुकाम बेनी बजार जोड्ने बेनी-दरवाङ सडकमा बर्खायाममा सिधा यातायात सेवा प्रभावित हुने गरेको छ।

प्रस्तावित ठाउँका जग्गाधनीको सहमति जुटाएर प्राविधिक टोलीमार्फत विस्तृत अध्ययन गरी चालु आर्थिक वर्षभित्र नै बेलिब्रिज र सडक निर्माण गर्ने तयारी गरेको मन्त्री जुग्जालीले जानकारी दिनुभयो। "दश दिनअघि पहिरो निरीक्षण गर्न आउनुभएका मुख्यमन्त्रीले चालु आर्थिक वर्षभित्रनै बेलिब्रिज बनाउने सार्वजनिक रुपमा गर्नुभएको घोषणा कार्यान्वयनका लागि मेरो नेतृत्वमा प्रारम्भिक अध्ययन भएको छ", उहाँले भन्नुभयो "जग्गाधनीसँग सहमति जुटाउन पालिका र वडाका जनप्रतिनिधिलाई जिम्मा दिएका छौं, लगत्तै विस्तृत अध्ययन गरेर पुल निर्माण गर्छौं।"

सङ्घीय सरकारको सडक विभागसँग समन्वय गरेर अन्यत्रको पुल स्थानान्तरण गर्ने नभए प्रदेश सरकारको स्रोतबाट भए पनि बेलिब्रिज बनाउने मुख्यमन्त्रीसँग छलफल भएको जुग्जालीले बताउनुभयो। सामान्य वर्षा हुने बित्तिकै खस्ने पहिरोले सडक पुरिएर सवारी आवतजावत बन्द हुने र ढुङ्गा खसिरहने साँघुरो सडकमा जोखिम मोलेर पहिरो पार गर्नुपर्ने समस्या रहेको छ। पहिरोबाट खसेको ढुङ्गाले चोट लागेर सवारी साधनमा क्षति पुग्ने र यात्रु घाइते हुने गरेका छन्। फापरखेतको पहिरोमा रु छ करोडभन्दा बढी लगानी भए पनि सफल नभएकाले लुलियाघाट-सिम जोड्ने बेलिब्रिज बनाएर वैकल्पिक सडक सञ्चालन गर्न प्रस्ताव गरिएको मङ्गला-३ का वडाध्यक्ष रोकाले बताउनुभयो।

बेलिब्रिज निर्माणका लागि प्रस्तावित जग्गाका धनी सकारात्मक रहेकाले उनिहरुसँग छिट्टै सहमति हुने उहाँले बताउनुभयो। सडक विभागले फापरखेत-पखेर जोड्ने एक सय पाँच मिटर लामो मोटरेबल पुल निर्माण गरिसकेको छ। त्यो पुलभन्दा करिब पाँच सय मिटरमाथि बेलिब्रिज बनाउन लागिएको हो।

फापरखेतमा करिब एक सय ५० मिटर सडक पहिरोग्रस्त छ। पाखो र भिरको बिचमा खनिएको सडकमुनि म्याग्दी नदी छ। सडकमाथिको भिरमा गेगरै गेगर छ।

खोल्सामा पर्ने सडक माथितर्फ पर्खाल बनाएर पहिरो रोक्ने प्रयास सफल भएको छैन्। म्याग्दी नदीको किनारमा बनाइएको पक्की पर्खालले कटान रोकिएको छ। सडकदेखि करिब दुई सयमाथि र एक सय ५० मिटर फराकिलो क्षेत्रमा पहिरो फैलिएको छ। पूर्वाधार विकास कार्यालय म्याग्दीले कालोपत्रसहित स्तरोन्नतिको आयोजना सञ्चालन गरेको २४ किलोमिटर दूरीको बेनी-दरबाङ सडकमा नियमित यातायात सञ्चालन गर्न फापरखेतको पहिरो मुख्य चुनौती बनेको छ। पहिरो प्रभावित क्षेत्रमा स्तरोन्नतिको काम रोकिएको र यातायात अवरुद्ध हुन नदिन डोजर तैनाथ राखेर पहिरो खस्ने बित्तिकै पन्छ्याउने गरिएको छ। पूर्वाधार विकास कार्यालयका प्रमुख पौडेलले फापरखेतको पहिरोको भूगर्वविद्को टोलीमार्फत अध्ययनका साथै वैकल्पिक सडक र बेलिब्रिज निर्माणको कामलाई सँगसँगै अघि बढाउन लागिएको बताउनुभयो। "पहिरोको अध्ययन प्रतिवेदन र लाभ लागतको तुलना गरी वैकल्पिक सडक र बेलिब्रिज बनाउने तयारीमा छौं", उहाँले भन्नुभयो, "लुलियाघाट र सिमलचौर जोड्ने झोलुङ्गे पुलमुनि करिब ५० देखि ६० मिटर लामो बेलिब्रिज बनाउन सकिने प्रारम्भिक अध्ययन गर्दा निष्कर्ष निकालेका छौं।" बेलिब्रिजको लुलियाघाट नजिकैसम्म सडकको मार्ग पुगेको र सिमलचौरतर्फ करिब एक सय मिटर मार्ग खोलेर स्तरोन्नति गरेर बेनी-दरवाङ सडकमा जोड्न सकिने पौडेलले बताउनुभयो।

# हिरासत कक्षमा पुस्तकालय स्थापना

**पोखरापत्र संवाददाता**
म्याग्दी, १४ असोज

जिल्ला प्रहरी कार्यालय म्याग्दीको हिरासत कक्षमा पुस्तकालय स्थापना गरिएको छ।

सामाजिक र मानवीय सेवाको क्षेत्रमा क्रियाशील लायन्स क्लब अफ बेनी लभ्लीहिलले शनिबार सामाजिक उत्तरदायित्वअन्तर्गत विभिन्न मुद्दामा न्यायिक हिरासतमा रहेका थुनुवा बन्दीलाई लक्षित गरी पुस्तकालयको स्थापना गर्न सहयोग गरेको हो। पुस्तकालयको लायन्स क्लब अफ ३२५ 'बी' आई नेपालका रिजन पर्सन अर्जुन पौडेलले प्रहरी नायब उपरीक्षक मदन कुँवरलाई पाँच सय थानभन्दा बढी पुस्तक हस्तान्तरण गर्नुभएको थियो। पुस्तकालयमा नेपालका प्रसिद्ध लेखकका साहित्यिक पुस्तकसँगै विभिन्न विधाका पुस्तक रहेका छन्। प्रहरी नायब उपरीक्षक कुँवरले पुस्तकालयले प्रहरी र थुनुवाको दैनिकीलाई समेत सघाउने र आचरण तथा व्यवहार परिवर्तन गर्न सहयोग पुर्‍याउने बताउनुभयो।

हिरासत कक्षमा रहेका थुनुवा, प्रहरी कार्यालयमा कार्यरत प्रहरी अधिकृत तथा जवानका साथै थुनुवालाई भेट्न आउनेलाई समेत लक्षित गरी पुस्तकालय स्थापना गरिएको लायन्स क्लब अफ बेनी लभ्लीहिलका अध्यक्ष नेत्रराज सुवेदीले जानकारी दिनुभयो। पुस्तकालय स्थापना कार्यक्रममा लायन्स क्लब अन्तर्राष्ट्रियका रिजन पर्सन अर्जुन पौडेल, एवजी खम थापा, लायन्स क्लब अफ दोभानकी अध्यक्ष जमुना केसीले हिरासतमा रहेका व्यक्तिलाई पुस्तकालयको प्रयोगमा प्रोत्साहन गर्न सकेमा पठन संस्कृतिमा परिवर्तन ल्याउन सकिने र सकरात्मक सोचको विकास गराउन सकिनेमा जोड दिनुभयो। यसैबीच हिरासत कक्षमा स्थापना गरिएको पुस्तकालयमा लायन्स क्लब अफ बेनी लभ्लीहिलका संस्थापक अध्यक्ष पौडेलले आफ्नो जन्मदिनको अवसरमा विभिन्न पुस्तक हस्तान्तरण गर्नुभएको छ।

# बाख्रापालनबाट वार्षिक सात लाख आम्दानी गर्दै आले

**पोखरापत्र संवाददाता**
दमौली, १४ असोज

तनहुँको भिमाद नगरपालिका-९ पाथर्दी निवासी श्रीमाया आले विगत केही वर्षदेखि बाख्रापालनमा आबद्ध हुनुहुन्छ। उहाँले गाउँबाटै बाख्रा बिक्री गरी मनग्य आम्दानी गरिरहनुभएको छ।

उहाँले भन्नुभयो" बाख्रापालन व्यवसायबाट वार्षिक रु सात लाखभन्दा बढी आम्दानी हुने गरेको छ।" उहाँले यस वर्ष १५ बोयर जातका माउबाट उत्पादित खसीबोका बिक्री गरी उक्त रकम आम्दानी गर्नुभएको हो। उहाँले भन्नुभयो, "बाख्रापालन व्यवसायबाट सन्तुष्ट छु, यही व्यवसायबाट घरपरिवार चल्दै आएको छ।" उहाँले १५ रोपनी जग्गामा घाँसखेतीसमेत गर्नुभएको छ। बाख्रालाई घाँस आवश्यक पर्ने भएकाले मकै, कोदो रोप्ने बारीमा उन्नत जातका डाले तथा भुइँ घाँस लगाएको किसान आलेले बताउनुभयो।

उहाँका अनुसार बडहर, राइखनियो, इपिलइपिल, मेन्दोला, कुटमेरो, भटामासे, किम्बु, निमारोलगायतका डाले तथा नेप्पियर सिओफोर, सिओ थ्री, सुपर नेपियर, मलाटो, मकैचरीलगायतका भुइँ घाँस लगाइएको छ। उहाँले पछिल्लो समय रु १२ लाखको लागतमा सुधारिएको खोर निर्माण गरी व्यवस्थितरूपमा बाख्रापालन व्यवसायलाई अगाडि बढाउनुभएको छ।

बाख्रा खोरमा गर्भवती बाख्रा, किशोरी बाख्रा, पाठापाठी, ब्याड बोका र सुत्केरी बाख्रा राख्ने छुट्टाछुट्टै कोठा निर्माण गरिएको छ। यसरी कोठामा बाख्रा राख्दा बाख्रा तुहिने समस्या नहुने र रोगबाट बचाउन सकिने उहाँको भनाइ छ। उहाँले उन्नत जातको बोयर बोकासमेत पाल्नुभएको छ। बाख्रालाई चाहिने सुष्म पोषकतत्व खनिज ढिक्का बनाएर नियमित खुवाउने गरेको उहाँले जानकारी दिनुभयो। नियमित खनिज ढिक्का खुवाउनाले बाख्रा फस्टाउनुका साथै खसीबोकाको तौलमा वृद्धि हुने उहाँको भनाइ छ। किसान आलेले नौ महिनादेखि एक वर्षको अवधिमा ४५ केजीभन्दा बढी तौलका खसीबोका उत्पादन गरी बिक्री गर्ने गरेको जानकारी दिनुभयो। उहाँका अनुसार ब्याडका रूपमा बिक्री गर्ने बोका जिउँदो प्रतिकेजी रु एक हजारका दरले बिक्री हुँदै आएको छ। एउटै ब्याड बोका बिक्री गर्दा रु ४० हजारसम्म आम्दानी हुने गरेको उहाँको भनाइ छ। मासुका लागि जिउँदो तौलको प्रतिकेजी रु पाँच सय ५० का दरले खसीबोका बिक्री भएको छ।

# जेष्ठ नागरिक दिवसमा जेष्ठ नागरिकहरुको सम्मान

**पोखरापत्र संवाददाता**
पोखरा, १४ असोज



अन्तराष्ट्रिय जेष्ठ नागरिक दिवसका अवसरमा आइतवार जेष्ठ नागरिक कल्याणकारी संस्था, पोखरा १३ आर्वाले आयोजना गरेको कार्यक्रममा आर्वाका पाँच जना जेष्ठ नागरिकहरुलाई सम्मान गरिएको छ।

कार्यक्रममा प्रमुख अतिथि पोखरा महानगरपालिका वडा नं १३ की वडा सदस्य सुचित तामाङले १०३ वर्षीया बसन्धरा बराल,९६ वर्षीय निलकण्ठ वराल,९१ वर्षीय बालासिंह भुजेल, ९१ वर्षकै नरहरी पौडेल र ९०वर्षकी दुर्गादेवी बराललाई दोषल्ला फलफुल तथा फुलमालाले सम्मान गरेकी थिईन्।

सो अवसरमा प्रमुख अतिथि तामाङले जेष्ठ नागरिकहरुको संरक्षणमा वडा कार्यालय सधैं लागि पर्ने बताइन। जेष्ठ नागरिक कल्याणकारी संस्था पोखरा १३ आर्वाका अध्यक्ष बलराम सिग्देलको अध्यक्षतामा भएको कार्यक्रममा समाजसेवी, योगराज बराल, बिश्व हिन्दु महासंघ कास्कीका वरिष्ठ उपाध्यक्ष भिमबहादुर बराल, संस्थाका निवर्तमान अध्यक्ष रुद्रनाथ बराल, आदर्श बचत तथा ऋण सहकारी संस्था लि का अध्यक्ष राजेन्द्र प्रसाद बराल लगायतले जेष्ठ नागरिकहरुको संरक्षण, अधिकार लगायतका बिषयमा बोलेका थिए। कार्यक्रममा स्वागत उपाध्यक्ष शुशिला बराल र कार्यक्रमको सञ्चालन कोषाध्यक्ष कृष्णप्रसाद बरालले गरेका थिए।


## नेपाल सरकार
## कृषि तथा पशुपन्छी विकास मन्त्रालय
## पशु सेवा विभाग
## राष्ट्रिय पशु प्रजनन् कार्यालय
## पोखरा, कास्की

## तरल नाइट्रोजन अपरेटर सेवा कार्यको लागि प्रस्ताव आव्हान

**IFB No. NLBO/NCB/C/80-81/02**

**दोश्रो पटक प्रकाशित मिति (२०८०/०६/१५ गते)**

यस कार्यालयको आ.ब. २०८०/८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तरल नाइट्रोजन प्लाण्ट सञ्चालनको लागि प्लाण्ट अपरेटर सेवा करारको लागि आधिकारिक रुपमा ईजाजत प्राप्त ईच्छुक फर्म, कम्पनी वा संस्थाहरुबाट देहाय बमोजिमको शर्तहरुको अधिनमा रही सिलबन्दी बोलपत्र आव्हान गरिएको छ।

१. मिति २०८०/०७/१४ गतेसम्म कार्यालय समयभित्र कम्पनी वा फर्म नविकरण भएको इजाजत प्रमाणपत्र, आयकर दर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि तथा आ.व. २०७८/७९ वा आ.व. २०७९/८० को कर चुक्ता गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र मूल्य अभिबृदि कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न राखी कार्यालय समयभित्र मर्मत गरिने शर्तहरु सहितको तपसिल बमोजिम बोलपत्र फारम रु.३०००।- दस्तुर तिरेको बैक भौचर (फिर्ता नहुने) लिइ यस कार्यालयबाट खरिद गर्न सकिने छ।

**कार्यालय कोडः** ३१२०२३९०२, **राजश्व शीर्षक नं.** १४२२९

**राजश्व खाता नं.** १०००२०००१००००, **बैकः राष्ट्रिय वाजिज्य बैक लि. पृथीचोक शाखा**

२. खरिद गरिएको बोलपत्र फारम मिति २०८०/०७/१५ गते दिनको दिउसो १२:०० बजेसम्म यस कार्यालयमा दर्ता गराई सक्नुपर्ने छ।

३. दर्ता भएका बोलपत्रपत्रहरु मिति २०८०/०७/१५ गते दिनको २:०० बजे बोलपत्रदाता वा निजहरुको प्रतिनिधिको रोहवरमा राष्ट्रिय पशु प्रजनन् कार्यालय पोखरा कास्कीमा खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधि अनुपस्थित भएमा पनि बोलपत्र खोल्ने कार्य रोकिने छैन। बोलपत्र खरिद तथा दाखिला दिन सार्वजनिक विदा परेमा सो काम क्रमशः सोको भोलिपल्ट कार्यालय खुलेको दिनमा गरिनेछ।

४. बोलपत्रपत्र साथ तपसिलमा उल्लेख भए बमोजिमको यस कार्यालयको कोड नं. उल्लेख गरी धरौटी रकम को. ले. नि. का. कास्कीको धरौटी खाता नं. ३०२०१००१०२०३०००० मा नगद जम्मा गरेको भौंचर वा मान्यता प्राप्त बैंक वा वित्तिय संस्थाबाट जारी गरेको बोलपत्र दाखिला गर्ने अन्तिम दिनबाट कम्तिमा ९० दिन अबधि रहेको बिडबण्ड संलग्न हुनु पर्नेछ।

५. उपलब्ध गराउने सेवा TOR (सन्दर्भ सर्तहरू) अनुसारको हुनु पर्ने छ।

६. सिलबन्दी बोलपत्र फाराम भर्दा दररेट अंक र अक्षरमा स्पष्ट रुपमा लेख्नुपर्नेछ। अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिईने छ। बोलपत्रदाताको नाम, फर्मको नाम, दस्तखत, मिति तथा छाप स्पष्ट हुनु पर्ने छ। रीत नपुगी आएका, म्याद नाघी आएको र कुनै शर्त राखिएको बोलपत्र स्वीकार गरिने छैन।

७. नेपाल सरकारको हितलाई ध्यानमा राखी बोलपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिकरुपमा स्वीकार गर्ने सम्पूर्ण अधिकार यस कार्यालयलाई हुनेछ।

८. यस बाहेक अन्य कुराको हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ।

| ठेक्का नं. | बिवरण | इकाई | परिमाण | लागत अनुमान मु.अ.कर वाहेक | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| NLBO/NCB/C/2080-81/02 | तरल नाइट्रोजन प्लाण्ट सञ्चालन सेवा करार | जना | ३ | २२,१९,४६०/०० | ६३,०००/०० | |

**NLBO Chief**



## राहदानी हरायो

मिति २०८० भाद्र ०५ गते हेमजाबाट महेन्द्रपूलतर्फ आउँदै गर्दा मेरो निम्न व्यहोराको राहादानी हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकैको प्रहरीचौकी वा निम्न ठेगानामा सम्पर्क गर्नुहोला।

**नाम : सृष्टी कुँवर**
ठेगाना : हेमजा-२५, पोखरा
पासपोर्ट नं. ११२८९४८७
मो.: ९८०६७३८०८१



## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला पो.उ.म.न.पा. वडा नं.-१७ निवासी भारतीय भु.पु. सै.नं. 14520972 हवल्दार राम बहादुर गुरुङ्गको श्रीमती कुल कुमारी गुरुङ्ग भन्ने विना गुरुङ्गको नागरकितामा निजको नामथर कुल कुमारी गुरुङ्ग भन्ने विना गुरुङ्ग र जन्ममिति वि.सं. २०१६।३।१ तदानुसार सन् १९५९ जुन १५ उल्लेख भएको तर निजको पतिको भारतीय पारिवारिक पेन्सन अभिलेखमा निजको नामथर विना गुरुङ्ग र जन्ममिति सन् १९५९ उल्लेख भई फरक परेतापनि व्यक्ति एउटै भएको व्यहोरा सिफारिससाथ अनुरोध गरिन्छ भनी कास्की जिल्ला पो.उ.म.न.पा. कार्यालयको च.नं. १९००७ मिति २०७२।१०।२४ को सिफारिस पत्रबाट लेखि आएको नियमानुसार हुन अनुरोध छ।